# अरुण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय प्याउली, भोजपुर
### १ नं. प्रदेश, नेपाल

**विषय :- हाट बजार कर ठेक्का लगाउने सम्वन्धी सूचना ।**

दोस्रो पटक सूचना प्रकाशीत मिति २०७९।०४।३०

अरुण गाउँपालिका क्षेत्र भित्र लाग्ने हाट बजारको चालु आ. व. २०७९।०८० को तपसिलका (एकमूष्ठ वा छुटा छुटै) बजारहरुवाट हाट बजार कर संकलन गरी न्यूनतम वार्षिक रु.१,००,०००। (अक्षेरेपी एक लाख मात्र) मा नघटाइ बढावढको आधारमा यस गाउँपालिकाको कार्यालयमा दाखिला गर्ने प्रयोजनको लागि तपसिलको शर्तको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मिति २०७९।०५।०५ गते) भित्र कार्यालय समयमा शीलवन्दी दरभाउ पत्र फारम खरिद गर्न इच्छुक व्यक्ति, संस्था, फर्महरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. कर दस्तुर विवरण अरुण गाउँपालिकाबाट आ. व. २०७९/०८० स्वीकृत आर्थिक ऐनले निर्धारण गरेको दरमा हाट बजार कर उठाउनु पर्नेछ । कर दस्तुर विवरण यस कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

२. दरभाउपत्र दाताले शिलवन्दी दरभाउपत्र खामको बाहिरपटी ठेक्काको नाम प्रष्ट बुझिने गरी श्री अरुण गाउँपालिकाको कार्यालय, प्याउली भोजपुर भनी उल्लेख गरेको हुनु पर्ने छ ।

३. दरभाउपत्र फाराम भर्दा वोल कवोल गरेको अंक र अक्षरमा दुवैमा प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ । साथै अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

४. कुल कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने धरौटी वापतको रकम यस कार्यालयको सेन्चुरी कमर्सियल वैंक लि. प्याउलीमा रहेको १०२००००००६GE धरौटी खातामा जम्मा गरेको भौचर वा नगदै बुझाई सो को नगदी रसिद पेश गर्नु पर्नेछ ।

५. रीत नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

६. सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति २०७९।०५।०६ गते दिउसो १२:०० बजेसम्म रहने छ र सोही दिनको १:०० बजे नियमानुसार खोली सवैभन्दा वढी अंक कवोल गर्ने दरभाउपत्र स्वीकृत गरिने छ ।

७. ठेक्का स्वीकृत भएपछि सम्झौताका वखत ठेक्कावालाले ठेक्काको रकम एकमुष्ट वा दुई किस्ता दाखिला गर्ने गरी सम्झौता गर्न सकिनेछ ।

८ . किस्तावन्दी वुझाउने गरी सम्झौता गर्न परेमा अरुण गाउँपालिका क्षेत्रभित्रको जग्गा कम्तिमा कवोल अंकले खाम्ने गरी धीतो बापत राख्नु पर्ने छ र उक्त धितोको लागि प्रस्तावित जग्गा ठेक्का कवोल गर्ने व्यक्ति बाहेक अन्य व्यक्तिका नामको भएमा सम्वन्धीत जग्गा धनीको मन्जुरीनामा समेत संलग्न राख्नु पर्ने छ । वा कवोल अंक बमोजिमको वैंक ग्यारेन्टी अनिवार्य राख्नु पर्ने छ ।

९. दरभाउपत्र पेश गर्न चाहाने व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्र र संस्था वा फर्मको हकमा आ. व. २०७७।०७८ सम्म कर चुक्ता गरी चालु आ. व. २०७९/०८० मा व्यवसाय दर्ता प्रमाण पत्र नविकरण गरेको हुनु पर्नेछ ।

१०. दरभाउपत्र फारम बापतको रु.५००। (अक्षेरेपी पाँच सय रुपैया मात्र) बरावरको नगदी रसिद काटी फिर्ता नहुने गरी बुझाउनु पर्नेछ ।

११. दरभाउपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार अरुण गाउँपालिकाको कार्यालयमा निहित रहने छ ।

**तपसिल**

| ठेक्का नं. | हाट बजार लाग्ने स्थान | फारम शुल्क | न्यूनतम रकम रु. |
|---|---|---|---|
| १ | अरुण गा.पा. २ चम्पे बजार, अरुण गा.पा. ३ प्याउली बजार र अरुण गा.पा. ६ जरायोटार पाल्याले बजार | ५०० | १००००० |
| जम्मा | | | १००००० |

नोट : सिलवन्दी दरभाउपत्र बुझाउने अन्तिम दिन र खोलिने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोही मिति र समयमा खोलीने छ । अन्य केही कुरा वुझ्नु पर्ने भएमा कार्यालय समय भित्र ९८५२०८२३३३/९८५२०५२२३२ मा सम्पर्क गर्नु होला ।

.............................
सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत